# आकाशवाणी समाचार- नेपाली

मितिः १४ अगष्ट २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको सौर्य पीभी मोड्युल उत्पादन क्षमता र स्वच्छ ऊर्जालाई लोकप्रिय बनाउने प्रयासको उल्लेखनीय उपलब्धिको प्रशंसा गर्नुभएको छ।

२. भारतले मोडेल र निर्माताहरूको स्वीकृत सूची ए.एल.एम.एम अन्तर्गत सूचीबद्ध सय गीगावाट  सौर्य पीवी मोड्युल उत्पादन क्षमताको ऐतिहासिक उपलब्धि हाँसिल गरेको छ।

३. रूसी विदेशमन्त्री **सर्गेई लावरोव र** विदेशमन्त्री डा. एस. जयशंकरले २१ अगस्टमा मस्कोमा द्विपक्षीय एजेन्डाका प्रमुख मुद्दाहरू र अन्तर्राष्ट्रिय सहयोगका प्रमुख पक्षहरूमा छलफल गर्नेछन्।

४. चिनियाँ विदेशमन्त्री वाङ यी विशेष प्रतिनिधि संयन्त्र अन्तर्गत वार्ताका लागि १८ अगस्टमा भारत आइपुग्नु हुनेछ।

५. आन्ध्र प्रदेशमा भारी वर्षा र बाढीका कारण सामान्य जनजीवन प्रभावित भएको छ।

## प्रधानमन्त्री – सौर्य पीभी मोडेलहरू

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको सौर्य पीभी मोड्युल उत्पादन क्षमता र स्वच्छ ऊर्जालाई लोकप्रिय बनाउने प्रयासको उल्लेखनीय उपलब्धिको प्रशंसा गर्नुभएको छ। नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीको पोस्ट सेयर गर्नु हुँदै श्री मोदीले यो आत्मनिर्भरतातर्फको अर्को उपलब्धि भएको बताउनु भयो। प्रधानमन्त्रीले भन्नु भयो, यसले भारतको उत्पादन क्षमताको सफलता र स्वच्छ ऊर्जालाई लोकप्रिय बनाउने सरकारको प्रयासलाई प्रतिबिम्बित गर्दछ।

## जोशी-सौर्य ऊर्जा

भारतले मोडेल र निर्माताहरूको स्वीकृत सूची ए.एल.एम.एम अन्तर्गत सूचीबद्ध सय गीगावाट  सौर्य पीवी मोड्युल उत्पादन क्षमताको ऐतिहासिक उपलब्धि हाँसिल गरेको छ। यो २०१४ मा केवल दुई दशमलव तीन गीगावाट थियो।प्रधानमन्त्री नरेन्द्र मोदीले यसलाई आत्मनिर्भरतातर्फको उपलब्धिको रूपमा प्रशंसा गर्नु भएको छ। सामाजिक सञ्जाल पोस्टमा, प्रधानमन्त्रीले भन्नु भयो, यसले उत्पादन क्षमता निर्माण र स्वच्छ ऊर्जालाई लोकप्रिय बनाउनमा भारतको सफलतालाई प्रतिबिम्बित गर्दछ।यस उपलब्धिमा नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्री प्रल्हाद जोशीले भन्नु भयो, उहाँको मन्त्रालयले एक बलियो, आत्मनिर्भर सौर्य उत्पादन इकोसिस्टम निर्माण गरिरहेको छ। श्री जोशीले भन्नु भयो, यो उपलब्धिले भारतको आत्मनिर्भर भारत दृष्टिकोण र २०३० सम्ममा 500 गीगावाट गैर-जीवाश्म क्षमताको लक्ष्यतर्फ देशको बलियो यात्राको लागि मार्ग प्रशस्त गर्दछ।

## लावरोव - जयशंकर बैठक

रूसी विदेशमन्त्री **सर्गेई लावरोव**ले २१ अगस्टमा मस्कोमा विदेशमन्त्री डा. एस. जयशंकरलाई भेट्नु हुनेछ। रूसी विदेश मन्त्रालयले यो कुरा पुष्टि गरेको छ। दुई नेताहरूले द्विपक्षीय एजेन्डाका प्रमुख मुद्दाहरू र अन्तर्राष्ट्रिय सहयोगका प्रमुख पक्षहरूमा छलफल गर्नेछन्। राष्ट्रिय सुरक्षा सल्लाहकार-एनएसए अजित डोभलको हालैको मस्को भ्रमणपछि यो भेटवार्ता भएको हो, जहाँ उहाँले रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, रूसी प्रथम उप प्रधानमन्त्री डेनिस मन्टुरोभ र रूसी सुरक्षा परिषद्का सचिव सर्गेई शोइगुलाई भेटनु भएको थियो।विदेशमन्त्री एस. जयशंकर र श्री लावरोवबीचको आगामी बैठक १५ जुलाईमा सांघाई सहयोग

संगठन-एससीओ विदेशमन्त्रीहरूको बैठकको क्रममा भएको उनीहरूको अन्तरक्रियापछि हुनेछ। दुई मन्त्रीहरूले गत महिना ब्रिक्स शिखर सम्मेलनको क्रममा पनि भेटेका थिए र द्विपक्षीय सहयोग, पश्चिम एसिया, ब्रिक्स र एससीओबारे छलफल गरेका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन पनि भारतको भ्रमण गर्ने अपेक्षा गरिएको छ।

**सोनोवाल - हर घर तिरंगा**

केन्द्रीय बन्दरगाह, जहाजरानी र जलमार्ग मन्त्री जलमार्ग मन्त्री सर्वानन्द सोनोवालले हिजो भारतको ७९ औं स्वतन्त्रता दिवसको पूर्वसन्ध्यामा डिब्रुगढमा 'हर घर तिरंगा' अभियानको सुरुवात गर्नुभयो। डिब्रुगढ लोकसभा निर्वाचन क्षेत्रको प्रतिनिधित्व गर्ने श्री सोनोवालले भाजपाका पूर्व डिब्रुगढ जिल्ला अध्यक्ष तथा डिब्रुगढ विश्वविद्यालयका सेवानिवृत्त प्राध्यापक डा. हरेन्द्र नारायण दत्त, प्रसिद्ध लोक कलाकार श्री रामचन्द्र संचोनी र राष्ट्रिय स्वयंसेवक संघ - आरएसएसका संस्थापक अध्यक्ष वरिष्ठ अधिवक्ता श्री असीम दत्तको डिब्रुगढस्थित निवासको भ्रमण गर्नुभयो। यी भ्रमणहरूको क्रममा, वरिष्ठ भाजपा नेता श्री सर्वानन्द सोनोवालले एकअर्कालाई अभिवादन गर्नु भयो र उनीहरूलाई प्रत्येकलाई राष्ट्रिय झण्डा प्रदान गर्नु भयो र 'हर घर तिरंगा' अभियानमा सामेल हुन आग्रह गर्नु भयो।उहाँले विद्यार्थीहरूलाई झण्डा पनि वितरण गर्नु भयो र उनीहरूलाई देशभक्त हुन प्रोत्साहित गर्नु भयो।

**गिरिराज- वस्त्र बैठक**

केन्द्रीय वस्त्र मन्त्री गिरिराज सिंहले हिजो नयाँ दिल्लीमा विश्वव्यापी व्यापार चुनौतीहरूको सामना गर्न उद्योगका अग्रणी उद्यमीहरूसँग बैठक गर्नुभयो। बैठकमा श्री सिंहले उदीयमान विश्वव्यापी व्यापार परिदृश्यको समीक्षा गर्नुभयो। उहाँले भन्नुभयो, विश्वव्यापी चुनौतीहरूको बाबजुद पनि भारतको वस्त्र उद्योगले २०३० सम्ममा १०० अरब अमेरिकी डलरको निर्यात लक्ष्य हाँसिल गर्नेछ। बैठकमा बढ्दो अमेरिकी व्यापार शुल्क र यस क्षेत्रको लागि विश्वसनीय र अग्रगामी रणनीति तयार गर्ने बारेमा पनि छलफल गरियो। श्री सिंहले यस सम्बन्धमा चार समिति गठन गरिने बताउनु भयो। यी समितिहरूले संरचनात्मक सुधारहरू सुझाव दिने नयाँ बजारहरूको लागि रणनीतिहरू पहिचान गर्ने र नयाँ बजारहरू खोल्ने कुरामा केन्द्रित हुनेछन्। समितिले वस्त्र क्षेत्रमा उत्पादन प्रतिस्पर्धात्मकतामा पनि ध्यान केन्द्रित गर्नेछ।

**वाङ यी - भारत भ्रमण**

चिनियाँ विदेशमन्त्री वाङ यी विशेष प्रतिनिधि संयन्त्र अन्तर्गत वार्ताका लागि १८ अगस्टमा भारत आइपुग्नु हुनेछ। यो भ्रमण प्रधानमन्त्री नरेन्द्र मोदीको ३१ अगस्टदेखि १ सेप्टेम्बरसम्म तियानजिनमा हुने सांघाई सहयोग संगठन-एससीओ शिखर सम्मेलनमा भाग लिन चीन भ्रमणको केही समय अघि भएको हो। ८ अगस्टमा चीनले प्रधानमन्त्री मोदीको एससीओ शिखर सम्मेलनमा सहभागितालाई स्वागत गर्ने बताएको छ।२०२० मा गलवान **घाटी**मा भएको झडपपछि प्रधानमन्त्री मोदीको यो पहिलो चीन भ्रमण हुनेछ, जसले द्विपक्षीय सम्बन्धलाई गम्भीर रूपमा तनावपूर्ण बनाएको थियो।

**उत्तराखण्ड मन्त्रिपरिषद् - आरक्षण**

उत्तराखण्ड मन्त्रिपरिषद्ले सेनाबाट फर्केपछि सरकारी सेवाहरूमा पूर्व अग्निवीरहरूको प्रत्यक्ष भर्तीको लागि १० प्रतिशत आरक्षणलाई अनुमोदन गरेको छ। मुख्यमन्त्री पुष्कर सिंह धामीको अध्यक्षतामा बसेको बैठकले मन्त्रिपरिषद्लाई यो स्वीकृति दिएको छायो आरक्षण राज्य सरकार अन्तर्गतका सेवाहरूमा समूह 'ग' को वर्दीधारी पदहरूसँग सम्बन्धित छ। पूर्व अग्निवीरहरूलाई प्रत्यक्ष भर्तीमा शारीरिक दक्षता परीक्षणबाट छुट दिइनेछ। यसबाहेक, उनीहरूलाई अधिकतम उमेर सीमामा पनि छुट दिइनेछ।

**उत्तराखण्ड - मन्त्रिपरिषद्**

मुख्यमन्त्री पुष्कर सिंह धामीको नेतृत्वमा रहेको उत्तराखण्ड मन्त्रिपरिषद्ले उत्तराखण्ड धर्म स्वतन्त्रता (संशोधन) विधेयक, २०२५ लाई अनुमोदन गरेको छ। यसमा अवैध धार्मिक धर्म परिवर्तनलाई रोक्न कडा प्रावधानहरू समावेश छन्। यी संशोधनहरूमा कडा दण्ड, धार्मिक धर्म परिवर्तनको डिजिटल प्रवर्द्धनमा प्रतिबन्ध र पीडितहरूलाई सुरक्षा दिन कडा उपायहरू

समावेश छन्।राज्य सरकारले यो पनि भनेको छ कानूनले नागरिकहरूको धार्मिक अधिकारको रक्षा गर्नुका साथै धोखाधडी, प्रलोभन वा जबरजस्ती धर्म परिवर्तनलाई रोक्न र साम्प्रदायिक सद्भाव कायम राख्ने लक्ष्य राखेको छ।

**सर्वोच्च न्यायलय - आवारा कुकुरहरू**

राष्ट्रिय राजधानी क्षेत्र दिल्लीमा आवारा कुकुरहरूको समस्यामा सर्वोच्च न्यायालयको हालैको आदेशको आज पुन: समीक्षा गरिनेछ। प्रधानन्यायाधीशले यसका लागि न्यायाधीश विक्रम नाथ, न्यायाधीश सन्दीप मेहता र न्यायाधीश एनभी अन्जारियाको तीन सदस्यीय इजलास गठन गर्नुभएको छ। यो मुद्दाको सुनुवाइ आज हुनेछ।हिजो, प्रधानन्यायाधीश बीआर गवईले एक वकिलले सर्वोच्च न्यायलयका विभिन्न इजलासहरूले परस्पर विरोधी निर्देशनहरू जारी गरेको उल्लेख गरेपछि सामुदायिक कुकुरहरूसँग सम्बन्धित वर्तमान मुद्दाको जाँच गर्ने बताएका थिए। यसअघि न्यायलयको इजलासले आवारा कुकुरहरूलाई आश्रयस्थलमा स्थानान्तरण गर्न र सार्वजनिक स्थानहरूमा फिर्ता छोड्न प्रतिबन्ध लगाउन आदेश दिएको थियो।

**बिपिन जोशी - हमासको हिरासत**

नेपालका बिपिन जोशी 'सिक्नुहोस् र कमाउनुहोस्' शैक्षिक कार्यक्रम अन्तर्गत कृषि अध्ययन गर्न इजरायल गएका थिए। यस अवधिमा उनलाई हमासले अपहरण गरेको थियो। ७ अक्टोबर २०२३ मा हमासले १० नेपाली विद्यार्थीसहित बिपिन लगायत धेरैलाई अपहरण गरेको थियो। इजरायलबाट बिपिनको ज्यान खतरामा रहेको जानकारी पाएपछि बिपिन जोशीकी आमा र बहिनी हिजो इजरायल पुगेका थिए। स्रोतका अनुसार यस अवधिमा उनीहरू जोशी बसेको ठाउँको भ्रमण गर्नेछन्। उनीहरूले उनको अपहरण भएको ठाउँ हेर्नेछन्, उनका साथीहरूलाई भेट्नेछन् र गुप्तचर रिपोर्टहरू प्राप्त गर्नेछन्।बिपिन पश्चिमी नेपालको कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाका बासिन्दा हुन्। अपहरणपछि २४ वर्षीय बिपिन जोशीको बारेमा कुनै जानकारी आएको छैन। नेपालको विदेश मन्त्रालयले पहिले नै बिपिन जोशीको रिहाइको लागि कूटनीतिक प्रयासहरू तीव्र पारेको थियो। जोशीको कथाले युद्धको कारणले भएको विनाशमा फसेका निर्दोष मानिसहरूको दुर्दशालाई चित्रण गर्दछ।

**आन्ध्र प्रदेश - वर्षा**

आन्ध्र प्रदेशमा भारी वर्षा र बाढीका कारण सामान्य जनजीवन प्रभावित भएको छ। मौसम विभागका अनुसार, राज्यमा पछिल्लो २४ घण्टामा भएको मुसलधारे वर्षाका कारण तल्लो क्षेत्रहरूमा पानी जमेको छ र धेरै क्षेत्रमा यातायात प्रभावित भएको छ। मौसम विभागले आउँदो चारदेखि पाँच दिनसम्म आन्ध्र प्रदेश, यानम र रायलसीमाका तटीय क्षेत्रहरूमा मुसलधारे वर्षा हुने पूर्वानुमान गरेको छ।यसैबीच, मुख्यमन्त्री एन चन्द्रबाबु नायडूले हिजो राज्यभर मुसलधारे वर्षाबाट भएको क्षतिको आकलन गर्न आपदा प्रबन्धन, कृषि र जलस्रोत विभागका मन्त्रीहरू र अधिकारीहरूसँग उच्चस्तरीय समीक्षा बैठक गर्नु भएको थियो।